नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ ४ गते २०११ साल

भाग ४

खाद्यमन्त्रालयको विज्ञप्ति

गृह ७।१६।०११ १८-६-०११

मन्त्रीमण्डलको निर्णयबमोजिम अर्को आदेश नभएसम्म नारायणीदेखि पूर्व नेपाल तराइको धान, चामल, मकै, कोदो, तोरी, रहर, खेसरी, निकाशी गर्न नदिई रोक्का गर्नुहोला र सोबमोजिम सम्बन्धित बजार अड्डा, चौकी, पुलीससमेतलाई चाहिने लिखित अडर तुरुन्त गर्नुहोला भनी विभिन्न गोस्वाराहरूलाई आदेश भै गएको छ

अतः सोबमोजिम निकाशी रोकिएका सबैलाई विदित होस् भन्नाका लागी यो विज्ञप्ति प्रकाश गरिएको छ। कुनै कारणवश ढिलो भई उक्त आदेश नपुगेका सम्बन्धित जिल्लाहरूले यस विज्ञप्तिलाई सरकारी आदेश सम्झी काम कारबाइ गर्नु गराउनुहोला।

आज्ञाले—

देवीप्रसाद गिरी, का.मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

(१३)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।